पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

प.सं.:- २०७९/०८०/बैठक व्यवस्थापन मितिः २०७९/०५/१५
च.नं. :- १६६

विषय :- नगर कार्यपालिकाको ३१ औं (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको सातौं) बैठक सम्बन्धमा ।

श्रीमान् नगर उप-प्रमुखज्यू,
श्रीमान् वडा अध्यक्ष ज्यूहरु एवम् नगर कार्यपालिका सदस्यज्यूहरु सबै वडा (१० जना)
श्रीमान् नगर कार्यपालिकाको सदस्यज्यूहरु सबै (८ जना)
पाख्रीबास नगरपालिका, पाख्रीबास धनकुटा ।

उपर्युक्त सम्बन्धमा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४) खण्ड (क) (१) बमोजिम यस पाख्रीबास नगरपालिकाका नगर प्रमुखज्यूको निर्देशन अनुसार तपसिलका प्रस्तावित छलफलका विषयसूची (Agendas) अनुसारका छलफलका विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि सोही ऐनको दफा १७ बमोजिम निम्न मिति समय र स्थानमा यस पाख्रीबास नगर कार्यपालिकाको ३१ औं (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको सातौं) बैठकमा उपस्थिती एवम् सहभागिका लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

तपसिल :-
मिति :- २०७९/०५/१७ गते ~~बिहीबार~~ शुक्रबार ५
समय : ११:४५ बजे
स्थान : पाख्रीबास नगरपालिकाको बैठक कक्ष

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावित छलफलका विषयसुचीहरु (Agendas)**

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम पाख्रीबास नगरपालिका क्षेत्रभित्रको आ.व. २०७९/०८० मा निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुल आदिको न्यूनतम दररेट २०७९/०८० को स्वीकृत गर्ने सम्बन्धमा ।
२) पाख्रीबास नगरपालिकाको नगरसभाको १०औं अधिवेशन बैठकबाट स्वीकृत आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन २०७९, विनियोजन ऐन, २०७९ अनुसार तथा नगरसभाको निर्णय प्रचलित ऐन नियमानुसार कार्यान्वयन गर्ने सम्बन्धमा ।
३) नगरपालिकामा रहेका व्याकहु लोडर र अन्य सवारी साधन सञ्चालन कार्यान्वयन गर्ने र सोको इन्धन व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड, कार्यविधि, निर्देशिका तयार गरी कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।
४) पाख्रीबास न.पा. का नव निर्वाचित जनप्रतिनिधिहरु, न्यायिक समितिका पदाधिकारीहरु, कर्मचारीहरुलाई कर राजश्व, योजना तथा बजेट निर्माण, सिफारिस, सार्वजनिक खरिद, बेरुजु, फछ्र्यौट एवम् सम्परीक्षण, पा.न.पा. को संस्थागत क्षमता, स्वमूल्याङ्कन (LISA), वित्तिय सुशासन जोखिम मूल्याङ्कन, व्यक्तिगत घटना दर्ता, पा.न.पा. को



प्रमुख प्रशासकीय अधिकृत

आर्थिक सर्वेक्षण तयारी, सकारात्मक सोच (Appreciative Inquary), सुशासन व्यवस्थापन, तथ्याङ्क, नेतृत्व विकास, भूमी व्यवस्थापन तथा भू उपयोग, वित्तिय साक्षरता आदि विषयमा क्षमता अभिवृद्धि तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

५) यस पाख्रीबास नगरपालिकाका विभिन्न वडाका ८ स्थानीय व्यक्तिहरुले वडाको सिफारिस सहित मिति २०७९/०२/०१ देखि २०७९/०४/३१ गते सम्म जस्तापाता र पाइप मागका निवेदन पेश गरेको सम्बन्धमा आवश्यक छानविन गरी स्टक मौज्दात्मा रहेको परिमाण हेरी आवश्यकता र प्राथमिकता हेरी प्राविधिक लागत अनुमानको आधारमा वितरण गर्ने र सोको प्राविधिक मूल्याङ्कन गर्ने सम्बन्धमा ।

६) पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा/अन्य शाखा, उपशाखा/कार्यक्रम आयोजना परियोजना र १० वटै वडाहरुबाट आ.व. २०७८/०७९ मा सञ्चालन/कार्यन्वयन भई सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको नगरस्तरीय बार्षिक प्रगति समिक्षा कार्यक्रम (गोष्ठी) को मिति तय गर्ने सम्बन्धमा ।

७) आ.व. २०७८/०७९ मा सम्झौता कार्यदिश भई सञ्चालन कार्यान्वयन भई सम्पन्न भएका भुक्तानीको लागि पेश भएका भौतिक पूर्वाधार तर्फका नगरस्तरीय/वडा स्तरीय आयोजनाहरुको र आ.व. २०७८/०७९ मा विभिन्न खरिद विधिबाट सञ्चालन कार्यान्वयन भई सम्पन्न भएका र भुक्तानीको लागि पेश भएका निम्न आयोजना तथा कार्यक्रमहरुको र चालु प्रशासनिक खर्च, विविध खर्च, मर्मत खर्च, सवारी साधन मर्मत, पदाधिकारी सुविधा, भत्ता, कार्यालय सामान, स्टेशनरी मसलन्द आदि गरी ८३ वटा आईटमका खर्चहरु समेतको आ.व. २०७८/०७९ को मिति २०७९/०३/२५ गते सुत्र नचलेको कारण भुक्तानी हुन नसकेको आयोजना तथा कार्यक्रमहरुको चालु प्रशासनिक खर्च, विविध खर्च, मर्मत खर्च, सवारी साधन मर्मत, पदाधिकारी सुविधा, भत्ता, कार्यालय सामान, स्टेशनरी मसलन्द आदि गरी ८३ वटा आईटमका खर्चहरु समेतको जम्मा रु. ३१,०१,०३०।७८ भुक्तानी दिन बाँकी विवरण(साविक म.ले.प. फा. नं. १८ हाल म.ले.प. फा.नं. १२१) पा.न.पा. आ.ले.प. शाखाबाट प्रमाणित गरी अ.ल्या. बचतबाट नियमानुसार आ.व. २०७९/०८० मा बजेट विनियोजन गरी बजेट विनियोजन सहित आ.व. २०७९/०८० मा कार्यक्रम स्वीकृत गरी भुक्तानी दिने र सोको आगामी नगरसभाको ११ औं अधिवेशन बैठकबाट समेत आ.व. २०७९/०८० मा बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।

८) आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश समपुरक (सशर्त) अनुदान कार्यक्रम र यस पाख्रीबास नगरपालिकाको लागत साझेदारीमा यस पाख्रीबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय र तपसिलमा उल्लिखित निर्माण व्यवसायीहरु बीच तपसिल बमोजिम आ.व. २०७८/०७९ सम्झौता भई कायदिश समेत भएका आ.व. २०७८/०७९ भित्रै तपसिल बमोजिमका आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरी आ.व. २०७८/०७९ भित्रै भुक्तानी लिई सक्नुपर्ने तपसिल बमोजिमका प्रदेश समपुरक अनुदान तर्फका तपसिल बमोजिम हाल सम्म तपसिल बमोजिमका भौतिक तथा वित्तिय प्रगति भएका तपसिल बमोजिमका भौतिक पूर्वाधार

(२) क्रमशः ३ पन्नामा


फोन नं.: ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np, ईमेल: pakhribas.nagarpalika@gmail.com

२०७९/५/१५
प्रमुख प्रशासकीय अधिकृत

तर्फका सि.नं. १ देखि ३ सम्मका निर्माणाधिन अधुरा (निर्माण काम बाँकी रहेका) आयोजनाहरुको र आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश सशर्त अनुदान कार्यक्रम तर्फको तपसिल बमोजिमको सि.नं. ४ को आयोजना यस पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र तपसिलमा उल्लेखित निर्माण व्यवसायी बीच तपसिल बमोजिम आ.व २०७८/०७९ मा सम्झौता र कायदिश समेत भएको तपसिल बमोजिम आ.व. २०७८/०७९ भित्रै निर्माण कार्य सम्पन्न गरी आ.व. २०७८/०७९ भित्रै भुक्तानी लिईसक्नुपर्ने तपसिल बमोजिमका प्रदेश सशर्त अनुदान तर्फको तपसिल बमोजिमको हाल सम्म भौतिक तथा वित्तिय प्रगति भएको भौतिक पूर्वाधार तर्फको निर्माणाधिक अधुरो (निर्माण कार्य बाँकी रहेको) आयोजनाको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम म्याद थप गरी नगरपालिकाको आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रममा समावेश गरी बजेट विनियोजन सहित स्वीकृत गरी निर्माण कार्य अगाडी बढाउने वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद सम्झौता (ठेक्का) तोड्ने तर्फ कार्यवाही अगाडी बढाउने सम्बन्धमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।

<u>तपसिल :-</u>

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सुरुको लागत अनुमान (without contingency) | सम्झौता बमोजिम स्वीकृत रकम | सम्झौता मिति र म्याद थप मिति | हाल (२०७९ असार मसान्त सम्म भएको खर्च रकम रु.) | हाल सम्मको वित्तीय प्रगति % | हाल सम्मको भौतिक प्रगति % | २०७९ असार २५ गते राति ११:३० बजे पेश गरेको, सुत्र नचलेको कारण भुक्तानी हुन नसकेको रनिंग बिल अनुसारको रकम | काम सम्पन्न हुन आवश्यक थप रकम | काम सम्पन्न हुन आवश्यक कुल रकम | कार्यक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Development works of Dikure Gumba Area | Royal Sark Construction & Suppliers Pvt.Ltd, Dharan | 6841684.764 | 4154404.96 | 2078/07/30, म्याद थप मिति: 2079/02/31 | 1107987.57 | 27% | 60.32% | 1,239,297.85 | 1,807,119.54 | 3,046,417.39 | समपुरक अनुदान |
| २ | Development Works of Dikure Gumba Area, Second Phase | Pradhan Construction, Dhankuta | 1932019.431 | 1175540.151 | 2078/10/13 | 0 | 0% | 68.04% | 802857.8101 | 372682.3409 | 1175540.151 | समपुरक अनुदान |
| ३ | Green Park at Ramche Danda, Pakhribas-4 | Royal Sark Construction & Suppliers Pvt.Ltd, Dharan | 6897892.578 | 4662159.204 | 2078/07/30, म्याद थप मिति: 2079/02/31 | 3504904.93 | 75% | 90% | 769660.3811 | 387593.8924 | 1157254.274 | समपुरक अनुदान |
| ४ | Coffee Prashodhan kendra Tatha Hi-Tech Nursary Pahuj Sadak | Pradhan Construction, Dhankuta | 1932497.231 | 1743185.427 | 2078/11/12 | 0 | 0% | 63% | 1092363.166 | 650822.2613 | 1743185.427 | सशर्त अनुदान |
| | | | | | | | | | | | 7,122,397.24 | |



प्रमुख प्रशासकीय अधिकृत

पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

च.नं. २६६

(४) ५/८/१५

९) यस पाख्रीबास नगरपालिका अन्तर्गत वडा नं. ४ पाख्रीबास बजारमा, अन्य विभिन्न वडाहरुमा, पाख्रीबास न.पा. र पाख्रीबास न.पा. अन्तर्गतका बैंक एवम् वित्तीय संस्थाहरु र अन्य सरोकारवाला संस्थाहरुको लागत साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न पाख्रीबास नगरपालिकाले डस्टविन राख्ने फलामको स्टैण्ड राख्नुपर्ने भएकोले प्राविधिक लागत अनुमान अनुसार फोहोरमैला व्यवस्थापनको लागि डस्टविनको स्टैण्ड नियमानुसार खरिद गरी व्यवस्थापन गर्ने र सोको लागि आ.व. २०७९/०८० को ब.उ.शी.नं................ ख.शी.नं. .......... बाट बजेट रु. ८ लाख विनियोजन गर्ने र सो अनुसार कार्यक्रम स्वीकृत गरी फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ।

१०) पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको २०७९/०४/०१ गते देखि तलब बृद्धि गर्ने सम्बन्धमा ।

११) पाख्रीबास न.पा. अन्तर्गत विभिन्न वडाका व्यक्तिहरुले विभिन्न रोगहरुको स्वास्थ्य उपचार र विभिन्न दुर्घटनामा परी स्वास्थ्य उपचारको लागि आर्थिक सहायता माग गरी दिनुभएको निवदेन उपर छलफल गरी आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

१२) जिल्ला प्रशासन कार्यालय धनकुटाको च.नं. २५६, मिति २०७९/०४/२९ को पत्रानुसार सबै वडाबाट सार्वजनिक जग्गा र सोको हाल सम्मको प्रयोगको अवस्था, सार्वजनिक, पर्ति ऐलानी, वन जङ्गलको जग्गा अतिक्रमण भए/नभएको ? (कि.नं. क्षेत्रफल र विवरण सहितको) अवस्थाको यथार्थ विवरण पठाउने सम्बन्धमा ।

१३) पाख्रीबास न.पा. मा व्यवस्थित स्यानिटरी ल्याण्डफिल्ड साईट निर्माणको लागि पाख्रीबास न.पा., धनकुटा न.पा. वडा नं. १ (हिले बजार र हिले बजार वरपर) र छथर जोरपाटी गा.पा. र फोहोरमैले व्यवस्थापनसँग सम्बन्धित सरोकारवाला संस्थाहरुको लागत साझेदारीमा पाख्रीबास न.पा. मा व्यवस्थित स्यानिटरी ल्याण्डफिल्ड साईट स्थापना सञ्चालन र निर्माण कार्य गर्ने जग्गा व्यवस्थापन, अध्ययन विश्लेषण, D.P.R. र I.E.E. गर्ने र सो का लागि लागत साझेदारी वापतको बजेट रकम व्यवस्थापन गर्ने सम्बन्धमा ।

१४) नगर कार्यपालिकाको यस अघि भएको चौथो बैठकको निर्णयानुसार न.पा. क्षेत्रभित्रका अत्यावश्यक सडकहरुको मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउन विनियोजन भएको सडक मर्मत सम्भारका लागि विनियोजित रु. १० लाखको बजेटबाट सडक मर्मत सम्भारका लागि सडकहरुको आयोजना स्वीकृत गरी रु. १० लाख बजेट रकम ब्रेक डाउन गर्ने सम्बन्धमा ।

१५) नगरसभा सदस्यहरुको सेवा सुविधा सम्बन्धी ऐन (संशोधन सहित), २०७५ को अनुसूची १ (ख) बमोजिमको पाख्रीबास नगरपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरुलाई आ.व. २०७९/०८० मा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा जानकारी र सोको निर्णय गर्ने सम्बन्धमा ।

१६) बाल विकास सहजकर्ता र विद्यालयका कर्मचारीहरु र स्वयंसेवक शिक्षकहरुको आ.व. २०७९/०८० को २०७९/०४/०१ गते देखि लागु हुने गरी मासिक तलब भत्ता पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) क्रमशः ५ पेजमा

५/८/१५
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np, ईमेल: pakhribas.nagarpalika@gmail.com

पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

च.नं. २६६

१७) पाख्रीबास नगरपालिकामा रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्ने सम्बन्धमा भाडादर निर्धारण गर्ने र खाद्यान्न परिकारहरुको दररेट निर्धारण गर्ने सम्बन्धमा र राम्चे भ्यू टावरको दृश्यावलोकन शुल्कको दररेट निर्धारण र ठेक्का लगाउने सम्बन्धमा ।

१८) आ.व. २०७८/०७९ मा खरिद भई २०७८/०७९ मा नै वितरण भएका जस्तापाता र पाईपको स्थलगत सघन अनुगमन गरी प्राविधिक मूल्याङ्कन गरी प्राविधिक मूल्याङ्कन सहित यथार्थ प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्न नगर कार्यपालिकाका सदस्यहरु, प्राविधिकहरु र अन्य कर्मचारीहरु समेत रहेको (कम्तिमा २ टोली रहने गरी कम्तिमा १ टोलिमा ५ जना सदस्य रहने गरी) समिति गठन गरी यथार्थ प्रतिवेदन दिने सम्बन्धमा छलफल गरी निर्णय गर्ने ।

१९) पाख्रीबास नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गर्ने कार्यको लागि बजेट विनियोजन गरी कार्यक्रम स्वीकृत गरी (O & M Survey) गर्ने सम्बन्धमा ।

२०) प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ विराटनगर नेपालको च.नं. ६८ मिति २०७९/०४/१६ को पत्रानुसार पा.न.पा. मा रिक्त रहेको विभिन्न पदहरुको पदपूर्तिको लागि माग आकृति फाराम भरी पठाउने सम्बन्धमा ।

२१) पाख्रीबास नगरपालिका भू-उपयोग कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा ।

२२) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. २५, २६ र मिति २०७९/०५/०६ को पत्रानुसार बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गर्ने सम्बन्धमा ।

२३) अन्तरसरकारी वित्तिय हस्तान्तरण कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० को लागि नेपाल सरकार र प्रदेश सरकारबाट यस पाख्रीबास नगरपालिकालाई प्राप्त बजेट तथा कार्यक्रम अख्तियारी बारे बैठकका सदस्यहरुलाई जानकारी गर्ने सम्बन्धमा ।

२४) नेपाल सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गतको आ.व. २०७८/०७९ मा रु. ८० लाखको लागतमा निर्माण गर्नुपर्ने पाख्रीबास न.पा. ८ स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

२५) नेपाल सरकार र नगरपालिकाको लागत साझेदारीमा र प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा समपुरक अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० भित्रै सञ्चालन/कार्यान्वयन गरी निर्माण गर्नुपर्ने निम्न लागतका (न.पा. लागत साझेदारी सहित) आयोजनाहरु तत्काल सर्भे (D.P.R) गरी निर्माण कार्य गर्ने सम्बन्धमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।

निम्न :- १) धर्मशाला मन्सिचौतारा गम्भिरे रायघाट भोजपुर कृषि सडक पा.न.पा. १० रु. २,५०,००,०००।-
२) भुल्केदेवी मुहान सिमसार पार्क एण्ड कन्जरभेसन निर्माण कार्य रु. १,४३,००,०००।-

२६) प्रदेश समपुरक अनुदान अन्तर्गत आ.व. २०७८/०७९ मा प्रदेश सरकार र न.पा. लागत साझेदारीमा सञ्चालन/कार्यन्वयन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने भुल्केदेवी मुहान सिमसार पार्क एण्ड कन्जरभेसन निर्माण कार्यको न.पा. बाट व्यहोर्नुपर्ने ३०% लागत साझेदारी बापतको रकम रु. ४३,००,०००।- बजेट विनियोजन गर्ने सम्बन्धमा ।

(५) क्रमशः ६ पेजमा

प्रमुख प्रशासकीय अधिकृत



फोन नं.: ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np, ईमेल: pakhribas.nagarpalika@gmail.com

पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

च.नं. २६६

२७) नेपालका विभिन्न पालिकाहरुले विभिन्न क्षेत्र, उपक्षेत्रमा गरेका असल अभ्यास (Best of the Best Practice) अनुकरणीय नमूना योग्य (Replicable) कामहरु (जस्तै सुचना प्रविधि शिक्षा, स्वास्थ्य, सुशासन, सेवा प्रवाह, कृषि पूर्वाधार निर्माण विभिन्न अभियानमूलक कार्यक्रमहरु आदि) को बारेमा त्यस्ता पालिकाहरुको अध्ययन अवलोकन गरी आगामी आ.व. मा ०८०/०८१ मा कार्यक्रम तर्जुमाको पृष्ठपोषण लिन पाख्रीबास नगरपालिकाका जनप्रतिनिधिहरु र केही कर्मचारीहरुको संयुक्त टोली अध्ययन अवलोकन भ्रमणका लागि बजेट विनियोजन गर्ने सम्बन्धमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।

२८) आ.व. २०७८/०७९ मा सम्झौता भई मिति २०७९/०३/२४ गतेको निर्णयानुसार म्याद थप समेत भएको पाख्रीबास न.पा. को ५ बर्ष आवधिक योजना निर्माण कार्यको लागि र नगरपालिकाको नगर प्रोफाईल निर्माण कार्यको लागि रु. २५ लाख बजेट विनियोजन गर्ने सम्बन्धमा ।

२९) ५०% लागत साझेदारीमा नगरपालिकाका कृषकहरुलाई तोरी, गट्टे, मुसुरो, मटर र प्याजको वीउ खरिद तथा वितरण कार्यक्रमको लागि बजेट रु. ३ लाख रकम सहित कार्यक्रम गर्ने सम्बन्धमा ।

३०) कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार काठमाडौं पत्रानुसार स्थानीय तहमा रहेको बाँझो तथा उपयोगमा नआएको कृषि योग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी पत्रको जानकारी र सो सम्बन्धमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।

३१) **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण नं. दफा १० बमोजिम सुपर्यविक्षण र पुनरावलोकनकर्ता तोक्ने सम्बन्धमा ।**

३२) यस पाख्रीबास नगरपालिकाको विभिन्न जरुरी सरकारी कामको सिलसिलामा (काठमाडौंमा गई विभिन्न निकायमा गई सडक भौतिक पूर्वाधार, कृषि विकास सम्बन्धी आयोजना तथा कार्यक्रम, विद्युत, खानेपानी आयोजना लगायत आदि) विभिन्न आयोजनामा तथा कार्यक्रम माग गर्न जाँदाको अवधिको २०७९/०४/११ देखि २०७९/०४/१७ गते सम्मको काज नगर प्रमुख ज्ञान बहादुर गुरुङ्गको काज स्वीकृत गर्ने सम्बन्धमा ।

३३) सरकारी काममा काठमाडौंमा शहरी विकास मन्त्रालयमा योजना माग गर्ने सम्बन्धमा र अन्य सरकारी काममा काठमाडौं महानगरपालिकाको हार्दिक आमन्त्रणमा मिति २०७९/०५/१९ गते देखि (दिन १०) २०७९/०५/२८ गते सम्म काठमाडौं जाने काज स्वीकृत गर्ने सम्बन्धमा ।

३४) आ.व. २०७९/०८० मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनका लागि वडा छनोट गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

३५) नगर कार्यपालिकाको बैठक बसीरहेकै बखत नगरपालिकाको अति जरुरी महत्वपूर्ण आकस्मिक रुपमा निर्णय गर्नुपर्ने बढिमा १ वटा छलफलका विषयमा ।

।६।
धन्यवाद!

(प्रकाशराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव



फोन नं.: ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np, ईमेल: pakhribas.nagarpalika@gmail.com